# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## लालबन्दी, सर्लाही/मधेश प्रदेश

# सिलबन्दी दरभाउपत्र आब्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०२/०४

यस कार्यालयको आ.ब.२०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले उक्त कार्यको लागि इजाजत प्राप्त इच्छुक फर्महरुवाट निम्न सर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र फारम खरिद गरि रितपुर्वक पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ ।

शर्तहरु

१. प्रथम पटक सूचना प्रकासित भएको मितिले १५औं दिन भित्र कार्यालय समयमा सम्वन्धित कारोवार गर्न इजाजत प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मुल्यअभिबृद्धि कर दर्ताको प्रमाणित प्रतिलिपी र आ.ब.२०७९/०८० को करचुक्ता प्रमाण पत्र संलग्न राखी यस कार्यालयवाट फिर्ता नहुने गरी नगदै रु.१०००।०० (एक हजार मात्र) राजश्व शाखामा बुझाई वा यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १२८०१००३०१०१०००२ मा रकम जम्मा गरेको बैंक भौचर पेश गरि दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. फर्मले सिलवन्दी दरभाउपत्र पेश गर्दा खाम वाहिर आफनो फर्मको नाम र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा सूचना प्रकासित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका सिलवन्दी दरभाउपत्रहरु सोही दिनको ०२:०० बजे यस कार्यालयका कर्मचारीहरु, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । उक्त समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी दररेट खोल्न बाधा पर्ने छैन । कारणवश सिलवन्दी दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने दिन अन्तिम सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. धरौटी वापतको रकम लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दीको नाममा राष्ट्रिय बाणिज्य बैंक लि., लालबन्दी शाखामा रहेको धरौटी खाता नं. १२८०१००३०३००००००२ मा नगदै वा मान्यता प्राप्त वाणिज्य बैंकको कम्तीमा ९० दिनको बैंक जमानत सिलवन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रमा दररेट उल्लेख गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर उल्लेख गर्नु पर्नेछ । दररेट उल्लेख गर्दा अनिवार्य रुपमा अंक र अक्षरमा प्रष्ट उल्लेख हुनु पर्नेछ । अंक स्पष्ट नभएमा अक्षरमा खुलाइएको दररेटलाई मान्यता दिइनेछ ।

५. एक पटक पेश भएको सिलवन्दी दरभाऊ पत्र फिर्ता वा संशोधन गर्न सकिने छैन ।

६. सिलवन्दी दरभाऊ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नीहित रहनेछ ।

७. आफुले खरिद गरेको सिलवन्दी दरभाऊ पत्र सम्वन्धित फर्मले नै बुझाउनु पर्नेछ । रित नपुगेको वा म्याद नाघी प्राप्त सिलवन्दी दरभाऊपत्रलाई मान्यता दिइनेछैन ।

८. तपसिलमा उल्लेखित कार्यको लागि ईजाजतपत्र प्राप्त फर्महरुले मात्र दरभाउपत्र पेश गर्न सक्नेछन् ।

९. माथि उल्लेखित भएकोमा सोही अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वा प्रचलित कानून बमोजिम हूनेछ ।

तपसिल :

| ठे.सि.नं. | कामको विवरण | लागत अनुमान रु. (मु.अ.कर सहित ) | धरौटी रकम रू. |
|---|---|---|---|
| S.Q.-03-2080/081 | बिभिन्न वडाको लागि ह्युम पाईप खरिद तथा व्यवस्थापन | रु.१९,९९,४६१।३८ | रु.५०,०००।०० |
| S.Q.-04-2080/081 | डिप बोरिङ्ग खरिद तथा जडान, लालबन्दी न.पा., वडा नं. २ | रु.१९,९७,३७१।०४ | रु.५०,०००।०० |
| S.Q.-05-2080/081 | माछा बजारमा स्टल निर्माण, लालबन्दी न.पा., वडा नं. ७ | रु.१९,९९,१७२।६५ | रु.५०,०००।०० |
| S.Q.-06-2080/081 | लालबन्दी नगर अस्पताल भवन मर्मत सम्भार, लालबन्दी न.पा., वडा नं. ७ | रु.१९,९५,३४८।११ | रु.५०,०००।०० |

- प्रमुख प्रशासकीय अधिकृत

।, मुद्रक : परिचर्चा प्रिन्टिङ्ग प्रेस, हरिवन, प्रकाशक तथा कार्यकारी सम्पादक : डुकुप्रसाद कोइराला, सम्पादक : स्वस्तिमा अधिकारी